bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

♦ मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
♦ यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
♦ मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
♦ कानूनको पूर्णरूपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ४१ अंक २८९ | २०७९ चैत ०५ गते आइतबार, नेपाल सम्वत् ११४३ March 19, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-

## विद्यालयमा बाँसको 'डस्टविन'

### विद्यार्थीलाई स्थानीय स्रोतसाधानको उपयोग र वातावरणमैत्री क्रियालपका विषयमा पठनपाठन गर्न सहज

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

विद्यार्थीलाई स्थानीय स्रोतसाधनको उपयोग र वातावरणमैत्री क्रियाकलापका विषयमा पठनपाठन गराउन विद्यालयमा बाँसबाट निर्मित डस्टविन लगायतका सामाग्रीहरू प्रयोग गर्न थालिएको छ । तनहुँको आँबुखैरेनी गाउँपालिका–६ हिलेखर्कस्थित कन्यादेवी माध्यमिक विद्यालयले विद्यार्थीहरूलाई स्थानीय स्तरमै उपलब्ध श्रोतसाधनको अधिकतम् उपयोग गरी कसरी लाभ लिन सकिन्छ भन्ने शिक्षा दिन बाँसको डस्टविन प्रयोगमा ल्याएको हो ।

गाउँघरमै सहजै उपलब्ध हुने बाँसबाट डोको तथा शैक्षिक सामाग्रीहरू तयार गरी विद्यालय प्रयोग गर्न थालेको प्रधानध्यापक सुर्यमानसिंह गुरूङले बताए । 'हामीले बाँसबाट डोको बुनेका छौं, सोही डोकोलाई प्रत्येक कक्षाकोठा, कार्यालय, विद्यालय प्राङ्गणका ठाउँठाउँमा राखेर डस्टविनका रूपमा प्रयोग गर्न थालेका छौं', उनले भने, 'गाउँमै उपलब्ध बाँसबाट अभिभावकहरू विरबहादुर गुरूङ र आश बहादुर गुरूङले विद्यालयका लागि डस्टविनका रूपमा प्रयोग गर्न डोको बनाइदिनु भएको छ ।'

प्रधानध्यापक गुरूङका अनुसार विद्यालयबाट अभिभावकलाई सामान्य खाजाखर्च मात्र उपलब्ध गराइएको छ । यसरी बाँसको डोकोलाई डस्टविनका रूपमा प्रयोग गर्दा प्लाष्टिकजन्य बस्तुको प्रयोग हटेको छ। उनले भने, 'प्लाष्टिकजन्य बस्तुको प्रयोग नगरी वातावरणमैत्री स्थानीय स्तरमै पाइने बस्तुको प्रयोग गर्दा आर्थिक भार पनि कम भएको छ ।'

प्लाष्टिकको डस्टविन भन्दा बाँसको डस्टविन बढि टिकाउ र विद्यालयमा उपयुक्त पनि भएको गणित विषयका शिक्षक विकास गुरूङले बताए । '२/३ सय रूपैयाँमा प्लाष्टिकको डस्टविन खरिद गरी ल्यायो, केही समयमै फुटेर पटकपटक फेर्नुपर्थ्यो' उनले भने, 'डोको प्रयोग गर्दा विद्यार्थीहरूलाई गाउँघरमै पाइने यस्ता वस्तुको प्रयोग गरी कसरी लाभ लिन सकिन्छ र वातावरणमैत्री क्रियाकलापका विषयमा पनि सिकाउन सहज भएको छ ।'

यस्तै, विद्यालयका शिक्षकहरूले विद्यार्थीहरूलाई सामाजिक कार्यमा कसरी सहभागिता जनाउन सकिन्छ भनि शिक्षा दिन आफैले विद्यालय भवनका जीर्ण भऱ्याङ, ढोका, भवनका भित्ता, खेलमैदान सरसफाई, मर्मतसुधार तथा रङ्गरोगन पनि गर्दै आएका छन् । प्रधानध्यापक गुरूङले भने, 'बिदाको समयमा हामीले विद्यालयको भौतिक संरचनाको रेखदेख गर्दै आएका छौं । गत फागुनको पहिलो हप्ता जीर्ण बन्दै गएको विद्यालयको भऱ्याङ सरसफाई गरी सिमेन्ट लगाएर प्लास्टर गऱ्यौ र विद्यार्थीहरूलाई सामाजिक क्षेत्रमा कसरी सहभागिता जनाउन सकिन्छ भन्ने जानकारी पनि गरायौं ।'



तनहुँको आँबुखैरेनी गाउँपालिका–६ हिलेखर्कस्थित कन्यादेवी माध्यमिक विद्यालयमा राखिएका बाँसको डस्टविन । *तस्विर : भञ्ज्याङ*

आँबुखैरेनी गाउँपालिकाको विकट क्षेत्रमा रहेको यस विद्यालयमा विशेष गरी जनजाति समुदायका करिव १३२ जना विद्यार्थी अध्ययनरत छन् । यी मध्ये अधिकांश विद्यार्थीहरू डेढ/दुई घण्टा पैदल हिडेर विद्यालय आउनेजाने गर्छन् ।

विद्यार्थीहरू घण्टौं समय खर्चा गरी विद्यालय आउजाउ गर्नुपर्ने भएपछि आँबुखैरेनी गाउँपालिकाले आगामी शैक्षिक सत्रबाट विद्यालयमा स्कुल बसको व्यवस्थापन गर्ने तयारी गरेको गाउापालिकाका अध्यक्ष शुक्र चुमानले बताए । 'ग्रामीण क्षेत्रको यो विद्यालयमा विद्यार्थीहरू घण्टौं समय खर्चिएर अध्ययन गर्न जाने गरेको हुँदा उनीहरूको शिक्षामा सहज पहुँच पुऱ्याउने उद्देश्यले विद्यालय बसको अवधारण अगाडि ल्याएका छौं, उनले भने, 'गाउँपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकताका साथ हेरेको छ ।'

यस्तै, गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिकाका सबै जनप्रतिनिधिहरूले आफ्ना बालबालिका सामुदायिक विद्यालयमै पढाउनुपर्ने व्यवस्था गरेको छ ।

## व्यास १ र ४ मा एमालेको मिसन ग्रासरूट अभियान

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेकपा एमालेले सञ्चालन गरेको मिसन ग्रासरूट अभियान अन्तर्गत शनिबार व्यास नगरपालिकाको वडा नं. १ र ४ मा वडा स्तरीय कार्यक्रम गरिएको छ। एमालेले पार्टी सुदृढीकरण तथा विस्तारका कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरेको छ ।




वडास्तरीय कार्यक्रमलाई सम्बोधन गर्दै स्थायी कमिटी सदस्य किरण गुरूङले अभियानका बारेमा जानकारी गराएका थिए । पार्टीलाई तल्लो तहबाट मजबुत, सुदृढीकरण तथा विस्तारका लागि ग्रासरूट अभियान सञ्चालन गरिएको बताए ।

व्यास–१ वडा कमिटी अध्यक्ष सरू कुमालको अध्यक्षता आयोजित कार्यक्रममा पार्टी केन्द्रीय सल्लाहकार परिषद सदस्य एक वहादुर राना, गण्डकी प्रदेश सचिवालय सदस्य बिष्णुभक्त सिग्देल, जिल्ला उपाध्यक्ष हरिराज कणेल, जिल्ला कमिटी सहसचिव प्रदीप अधिकारी, नगर कमिटी अध्यक्ष तुल्सिराम पाण्डे, सचिव ज्ञानेन्द्र वसौला लगायतले आ–आफ्ना विचार व्यक्त गरेका थिए।

यस्तै, व्यास–४ को बाघभञ्ज्याङमा आयोजित मिसन ग्रासरूट अभियान अन्तर्गतका कार्यक्रममा केन्द्रीय सल्लाहकार परिषद सदस्य एक बहादुर रानाले अभियानका विषयमा जानकारी गराएका थिए । वडा कमिटी अध्यक्ष चिज वहादुर गुरूङको अध्यक्षतामा आयोजित कार्यक्रममा गण्डकी प्रदेश सचिवालय सदस्य बिष्णुभक्त सिग्देल, जिल्ला उपाध्यक्ष हरिराज कणेल, वसुन्धरा घर्ती, ऋषिराम भुषाल, नुर महमद, तुल्सिराम पाण्डे, ज्ञानेन्द्र वसौला लगायतले अभियानका विषयमा आ–आफ्ना धारणा व्यक्त गरेका थिए ।

## सुत्केरीलाई पोषण खर्च

**भञ्ज्याङ समाचारदाता**/दमौली

स्वास्थ्य कार्यालय तनहुँले सुत्केरीलाई पोषण खर्चबापत रकम उपलब्ध गराउने भएको छ । गण्डकी प्रदेश सरकारले स्वास्थ्य कार्यालयमार्फत चालु आर्थिक वर्षमा सुत्केरीलाई पोषण खर्चबापत रकम उपलब्ध गराउन लागेको हो । लक्षित समूहका आमा र बच्चाको पोषण अवस्थामा सुधार ल्याई स्वास्थ्य अवस्था सुदृढ गर्नका लागि सुत्केरी भएको ४५औँ दिनसम्म पोषिलो खानाका लागि पोषण खर्च उपलब्ध गराउन लागिएको कार्यालय प्रमुख शंकरबाबु अधिकारीले जानकारी दिए । उनका अनुसार सुत्केरीलाई एकमुष्ठ रू नौ हजार प्रदान गरिनेछ।

कार्यालयले सुत्केरीलाई पोषण खर्चबापतको रकम उपलब्ध गराउनका लागि सबै स्थानीय तहसँग विवरण माग गरेको छ । "चालु आर्थिक वर्ष २०७९/८० को साउन महिनादेखि सुत्केरी भएका महिलालाई उक्त रकम प्रदान गरिने छ, त्यसका लागि दश वटै स्थानीय तहसँग विवरण माग गरेका छौँ", उनले बताए ।

उनले भने, 'अतिविपन्न, दलित, अपाङ्ग र लोपोन्मुख सुत्केरी आमा पोषिलो खाना कार्यक्रममार्फत रकम उपलब्ध गराउन लागिएको हो । अति विपन्न, दलित, अपाङ्ग र लोपोन्मुख समुदायको वर्गमा पर्ने सुत्केरी आमा हुनुपर्ने र त्यसको पहिचान सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गर्नुपर्ने हुन्छ ।'

गर्भपतन गराएकाको हकमा पोषण खर्च उपलब्ध नगराइने जनाइएको छ । आवश्यक कागजात संकलन गरी स्वास्थ्य संस्थाले वडाको सिफारिस साथ नगरपालिका, गाउँपालिकाको स्वास्थ्य शाखामा विवरण उपलब्ध गराउने र स्वास्थ्य शाखाले एकमुष्ठ विवरण तयार गरी रकम भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई स्वास्थ्य कार्यालयमा सिफारिस सहित विवरण उपलब्ध गराउनुपर्ने जनाइएको छ ।

यो रकम लिनका लागि सम्बन्धित वडा कार्यालयबाट लक्षित वर्गअन्तर्गत पर्ने भनी गरिएको सिफारिस पत्र, नागरिकता वा परिचय खुल्ने आधिकारिक सरकारी कागजातको प्रतिलिपि, जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, सुत्केरीको नाममा खोलिएको बैंक खताको चेकको प्रतिलिपि उपलब्ध गराउनुपर्ने कार्यालयले जनाएको छ ।

यसैबीच व्यास नगरपालिका–९ स्थित गजुरे स्वास्थ्यचौकीबाट

बाँकी तेश्रो पेजमा

## एलडिसीबाट स्तरोन्नति हुँदा नेपालका चुनौती र गुमाउने सुविधा

**हेमन्त जोशी**/काठमाडौं

नेपाल अतिकम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नतिको चरणमा छ। स्तरोन्नतिपछि एलडिसीका रूपमा अहिले पाइरहेका केकस्ता सुविधाको कटौती हुन्छन् र त्यसबाट पर्नसक्ने सम्भावित असर व्यवस्थापन कसरी गर्ने भन्नेबारे निजी क्षेत्रदेखि नीतिनिर्माण तहसम्म चासो छ । 'एलडिसी ग्राजुयसन'का लागि नेपालले पाएको सन् २०२६ सम्मको तयारी अवधिभित्र यस्ता क्षेत्र पहिचान र असर व्यवस्थापनका लागि काम गरिसक्नुपर्नेछ। अन्तर्राष्ट्रिय व्यापार, विकास सहायता परिचालन लगायत क्षेत्रमा स्तरोन्नति अघि र पछिको अवस्था फरक हुनेछ ।

स्तरोन्नतिपछि नेपालले केकस्ता सुविधा गुमाउँछ र त्यसबाट सिर्जित समस्या व्यवस्थापनका लागि कस्तो कार्यनीति बनाएर जाने भन्नेबारे गृहकार्य भइरहेको राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले बताउनुभयो । "नेपालले 'स्मुथ ट्रान्जिसन स्ट्राजेजी' बनाइरहेको छ । यो रणनीतिको मस्यौदा अन्तिम चरणमा रहेकाले हाम्रा नीति तथा कार्यक्रम दिगो विकास लक्ष्य र एलडिसी ग्याजुएसनसँग तादम्यता हुनेगरी जानुपर्नेछ", उहाँले भन्नुभयो। स्तरोन्नतिपछि नेपालले अन्तर्राष्ट्रिय व्यापारमा 'ड्युटी फ्री र कोटा फ्री'का सुविधा कसरी पाउँछ भन्ने विषय महत्वपूर्ण भण्डारीको भनाइ छ । उहाँले हातहतियार बाहेकका वस्तुमा सहुलियतका लागि युरोपियन युनियनलगायत निकायसँग पहल गर्न सकिने बताउनुभयो ।

विकास सहायता परिचालन, शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्तिको अधिकारका क्षेत्रमा पनि ग्राजुएसनको असर देखिनेछ । अर्थतन्त्रका समग्र पक्षमा बहुआयामिक असर देखिँदा त्यसले मानव पुँजी विकास पनि प्रभावित हुने सचिव भण्डारीको भनाइ छ । प्रतिव्यक्ति आय मात्र नभइ समग्र मानव पुँजी विकास र वातावरणीय पक्ष, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, आर्थिक विश्रृंखलता लगायतका क्षेत्रमा समेत असर देखिने उहाँले उल्लेख गर्नुभयो ।

कतारको दोहामा मार्च ५ देखि ९ सम्म चलेको अतिकम विकसित राष्ट्रको पाँचौं शिखर सम्मेलनपछि यसको अध्यक्षता नेपालले गर्दैछ । अहिले अध्यक्षता गरिरहेको मलावीले नेपाललाई जिम्मेवारी हस्तान्तरण गरिसकेको छैन । नेपालले स्तरोन्नति चरणको संक्रमणकालीन अवधि र स्तरोन्नतिपछिको कार्यदिशा कसरी तयार पार्छ भनेर अन्तर्राष्ट्रिय द्विपक्षद्वय तथा बहुपक्षीय दातृ निकायले पनि चासोका साथ हेरिरहेका छन् ।

**सबैभन्दा ठूलो असर अन्तर्राष्ट्रिय व्यापारमा**

अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा सबैभन्दा बढी प्रभावित हुने क्षेत्र अन्तर्राष्ट्रिय व्यापार रहेको छ । विश्व व्यापार संगठन (डब्ल्युटिओ) को प्रावधान अनुसार एलडिसीका रूपमा नेपाली वस्तु तथा सेवाले अन्तर्राष्ट्रिय बजारमा पाउने प्राथमिकता र सुविधा गुमाउनेछन् । डब्ल्युटिओ अन्तर्गतको अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी)ले गरेको प्रक्षेपणअनुसार स्तरोन्नतिपछि नेपालको हालको निर्यातमा साढे चार प्रतिशतसम्म गिरावट आउनसक्ने देखिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव मधुकुमार

बाँकी तेश्रो पेजमा

# पुरूषलाई रून दिऔं !

कतारमा विश्वकप फुटबल चलिरहेको थियो । खेल नहेरे पनि प्रतिभावान खेलाडी स्वारेज रोएको सामाजिक सञ्जालभरि भाइरल फोटो र भिडियो सायद कसैले हेर्न छुटाउनु भएन होला। खेलाडीको बेन्चमा बसेर खेल हेरिरहेका उनी उरूग्वेको आफ्नो टीम समूह चरणबाटै बाहिरिएपछि घुक्कघुक्क रोएको कारूणिक दृश्य थियो त्यो । स्वारेज रोएको समाचार विश्वकपको धेरै हेरिएको समाचारमध्येएक हो । स्वारेजमात्र होइन, यसैपटक खेल जीवनबाट अवकाश लिन रोनाल्डो र अर्का खेलाडी नेइमार पनि आफ्नो टीमलाई फाइनलमा पुऱ्याउन नसकेकाले फुटबल मैदानमै रोएका थिए । जुन समाचार जीतहारको समाचारभन्दा धेरै फैलिएको थियो । उनीहरूको रूवाइमा प्रतिक्रिया दिने धेरैले केटी जस्तो रोएको सुहाएन भनेर खिज्याएका थिए । कसैले 'हार्दैमा इज्जत नफाल' भनेका थिए भने कतिले त 'रूँदा खेलाडी जस्तो लागेन' सम्म भन्न भ्याएका थिए ।

केटा मान्छे रूँदा हाँसोको पात्र बन्ने उनीहरू पहिलो व्यक्ति भने होइनन् । रूँदा हाँसोको पात्र बनेका अर्का व्यक्ति हुन् अमेरिकन बिजनेस म्यान तथा बास्केटबल प्लेयर माइकल जोर्डन (सन् १९६३) । जो एकपटक कार्यक्रममा भाषण गर्दागर्दै रोएका थिए । उनीहरू रोएको समाचार यसरी फैलियो कि केही दिनमा नै संसारभर थाहा भयो । उनको रूवाइ उनलाई यति भार भयो कि नाम नै माइकल जोर्डनबाट क्राइङ जे, विपी (रून्चे) जे बनाइदिए । नभन्दै माइकल जोर्डन खोजी गर्न उनको नामको ठाउँमा क्राइङ जे या विपी जे लेखे पनि गुगलले उनको तस्विर दिन्छ । मतलब उनले सार्वजनिक ठाउँमा रूनु मिम्स (जोक) नै बन्न पुग्यो । यसरी चर्चामा आउने अरू केही नेता पनि छन् ।

नेता र खेलाडीमात्र हैन, हरेक घरघरमा छोरा मान्छे रोए भने छोरी मान्छे जस्तो रोएको, छोरा भएर रूनुहुन्न भनेर गाली गरिन्छ । मतलब संसारभरका पुरूषमा छोरा मान्छेले रून हुन्न भन्ने भावनात्मक भार छ। यसै मान्यता कायम राख्न समाजले बनाएको नारा हो- 'मर्दको दर्द नहीं होता' । पुरूष हुँदैमा दर्द नहुने हो र ? तर, किन दर्द दबाउन उत्प्रेरित गरिन्छ ? के रूनु नराम्रो भएकाले रूनुलाई यति ठूलो विषय बनाइएको हो ? त्यसमा पनि पुरूष रूँदा यति धेरै निगरानी किन ? के पुरूषमा भावनात्मक उद्वेग हुँदैन ? कि पुरूषमा आँसु निकाल्ने ग्रन्थी छैन ? आखिर किन समाजले पुरूषलाई रून दिँदैन ? आउनुस् यस आलेखमा पुरूषको रूवाइमाथिको मनोविज्ञान केलाऔं ।

पुरूष वा स्त्री रूनुलाई समाजले मात्रै फरक मानक पैदा गरेको हो कि प्रकृतिले नै यस्तो रचना गरेको हो भनेर जान्नु आवश्यक छ। त्यसको लागि नवजात शिशु जन्मँदादेखिको रूवाइको अवस्था हेरौं । जन्मेको ६ महिनासम्म रूँदा कुनै पनि बच्चाको आँसु आउँदैन । किनकि जन्मेको ६ महिनासम्म त उसले आमा को हो भन्ने पनि छुट्याउन सक्दैन । जब आमा छुट्याउन सक्ने हुन्छ तब उसको रूवाइमा आँसु आउन थाल्छ । त्यसपछि पनि १०-११ वर्षको उमेरसम्म स्त्री पुरूष दुबै बराबरी रून्छन् । तर उमेर त्योभन्दा माथि हुँदै गएपछि क्रमशः पुरूषमा रूवाइ कम हुन थाल्छ ।

यसो हुनमा के स्त्री र पुरूषमा आँसु निकाल्ने ग्रन्थी नै फरक भएर हो ? त्यो पनि होइन । किनकि अनुसन्धान भन्छ- मान्छेको आँखामा आँसु निकाल्ने काम ल्याक्रिमल नामको ग्रन्थीले गर्छ । यो ग्रन्थी स्त्री र पुरूष दुवैमा एकएक वटा हुन्छ र समान आकारको हुन्छ। यो ग्रन्थी आँखाको ठीक माथि हुन्छ । जसले हर दिन २४३ मिलिलिटर आँसु बनाउँछ । अनि आँसु पनि तीन तरिकाले बन्छ । पहिलो, आँखाको सुरक्षाको लागि बन्छ । यो नियमित हुन्छ । त्यसरी निस्कने आँसुलाई बेसल टियर्स भनिन्छ। अर्को, आँखालाई असर गर्ने केमिकल पर्दा आँसु बन्छ । जस्तैः प्याज काट्दा आँसु आउँछ । यस्तो आँसुलाई रिफ्लेक्ट टियर्स भनिन्छ । प्याज काट्दा प्याजबाट निस्किएको केमिकलले आँखाको कोर्नियामा धक्का दिन्छ। केमिकलले असर भएको कुरा कोर्नियाले दिमागलाई संकेत गर्छ र दिमागले ल्याक्रिमल ग्लाण्डमा खतराको संकेत दिन्छ । अनि ल्याक्रिमल ग्रन्थीले आँसु बगाउँछ ।

अर्को हो, इमोसनल टियर्स । जब मान्छेले पीडा, दुःख र खुशी महसुस गर्छ तब दिमागको लिम्बिक सिस्टम एक्टिभ हुन्छ । जसले आँसु निकाल्ने ग्रन्थी ल्याक्रिमललाई संकेत गर्छ र आँसु आउँछ । यसको अर्थ विज्ञान भन्छ- स्त्री र पुरूषमा आँसु निकाल्ने ग्रन्थी बनाउनमा प्रकृतिले कुनै भेद गरेको छैन । यसो हुँदाहुँदै पुरूष किन कम रून्छ त ? प्राकृतिक भेद छैन भनेपछि के यो समाजले तयार गरेको मनोवैज्ञानिक मानकको कारण हो ? यसलाई बुझ्न समाज विकासको जरोमा पुग्नुपर्छ ।

मानिस सामाजिक प्राणी हुन लाग्दासम्म खाद्यान्न उब्जाउन सुरू भएको थिएन । त्यसैले मान्छेले जनावर मारेरै भोक मेटाउँथे। त्यस बेला एउटा बच्चा काखमा हुँदै अर्को गर्भ बस्ने, त्यो खेर जाने, फेरि अर्को गर्भ बस्ने गर्दा स्त्रीहरू बाहिर निस्कन सक्दैनथे। त्यसैले जनावरसँग लड्ने, भिड्ने र मारेर ल्याउने काम सबै पुरूषको हुन्थ्यो । त्यस बेला कुनै पुरूषले म सक्दिनँ, डर लाग्छ या म चाहिं जान्न भन्न पाउँदैनथ्यो । किनकि बच्चा जन्माउने र हुर्काउने प्राकृतिक काम स्त्रीको छँदै थियो । अनि पुरूषले लडभिड गर्ने काम नगरेर के गर्ने ? त्यसैले पुरूष आफ्नो आँसु र डरलाई दबाएर समूहको निर्णयको पछि लाग्थ्यो ।

यही कुरा पुस्तौंपुस्तादेखि हजारौं पटक दोहोऱ्याउँदा दोहोऱ्याउँदा यस्तो भो कि डर र आँसु चाहिं पुरूषका लागि बर्जित भयो । आँसु देखाउनु भनेको स्त्री जस्तै हुनु हो भन्ने पुरूषको चित्तमा गहिरो भएर बस्यो । समाज विकास भएर आजसम्म आइपुग्दा पनि त्यो सामाजिक डर अनुवांशिक रूपमा सर्दै आयो । आज पनि परिवार पाल्ने, पोषण गर्ने मान्छे हुँ, म ठूलो हुँ, रून हुन्न भनेर रून मनलाग्दा पनि पुरूष रूँदैनन् । किनकि आजको पुरूषभित्र पुरूषको पुरानो अनुवांशिक गुण लुकेको छ । त्यसैले पुरूष भन्छ कि रूनु स्त्री जस्तै हुनु हो । कमजोर हुने कुरा स्त्रीसँग हुन्छ, मसँग होइन । अनि रूने पुरूषलाई उनीभित्रै लुकेको पुरूषले गिज्याउँछ हियाउँछ । यस्तो सोचमा आज कतिपय स्त्री पनि पुगेका छन् । जो आफूलाई शक्तिशाली ठान्छन् र आँसु झार्नु कमजोरी मान्छन् ।

एक अध्यन भन्छ- स्त्री महिनामा औसत पाँच पटकभन्दा धेरै रून्छिन् भने पुरूष दुई पटकभन्दा केही बढी मात्र रून्छ । अनि स्त्री पाँच मिनेटसम्म रून्छिन् भने पुरूष दुई मिनेटभन्दा धेरै रून सक्दैनन् । आखिर पुरूष कहिलेदेखि यसरी आँसु लुकाउने बन्छ? तथ्य भन्छ- जबजब टेस्टेटेरोन हार्मोन बन्न थाल्छ तब पुरूष रून कम गर्न थाल्छ। मतलब उसमा म मर्द हुँ भन्ने सामाजिक मान्यता मानसपटलमा नघुसुञ्जेलसम्म । टेस्टेटेरोनको मात्रा कम भएको बेला त पुरूष पनि रून्छ । टेस्टेटेरोनको मात्रा त्यो वेला कम हुन्छ जुन बेला पुरूष प्रेममा हुन्छ, सानो हुन्छ या बुढो हुन्छ । भनिएको छ कि केटीहरू रूँदा प्रोल्याटिन हार्मोन बढ्दै जान्छ। यता टेस्टेटेरोन हार्मोनको वृद्धिसँगै पुरूष रून छोड्छ । अनि पुरूष र स्त्रीमा भिन्नता बढ्दै जान्छ । स्त्री कोमल प्रेमिल बन्दै जान्छिन् भने पुरूष आक्रामक बन्दै जान्छन्।

यो त भयो आँसु बन्ने वैज्ञानिक प्रक्रिया। यसको आध्यात्मिक र आत्यन्तिक पक्षलाई भने विज्ञानले अध्ययन गर्न सक्दैन । मानिसको शारीरिक, मानसिक र ऊर्जा शरीर हुन्छ । भौतिक शरीर बाहिरी तह हो, विचार त्योभन्दा भित्रको हो र भावना त्योभन्दा पनि भित्र हुन्छ । भावना मानिसको शरीर र विचारभन्दा शक्तिशाली हुन्छ । जब विचार प्रक्रिया केही समयका लागि बन्द हुन्छ, शब्दमा केही बोल्न नसक्ने हुन्छ तब आँसुमार्फत भावना बाहिर आउँछ । मानिसमा भावनात्मक विकास चाहिँ संस्कृतिले गर्छ र त्यो परम्पराले दिएको हुन्छ । त्यसैले विज्ञानले जति अध्ययन गरेर पुरूष र स्त्रीको आँसुको ग्रन्थी समान हुन्छ भने पनि पुरूष आँसु दबाउन छोड्दैन।

सदियौंदेखि पुरूष समाजले भिराएको यही मर्दको भारी बोकेर हिंडेको छ । जसले उसलाई मान्छे नभएर समाजको भार उठाउने यन्त्र बनाएको छ । तर, ऊ बोल्न सक्ने अवस्थामा छैन । बरू उल्टो आँसु झर्छ कि, म नामर्द हुन्छु कि भनेर आँसु दबाउँछ । तैं होस् गर्ने, तैंले नै परिवारको बोझ उठाउनुपर्छ, तैंले आँसु झार्न पाउँदैनस् भन्नेर उसलाई समाजको सर्तले बाँधेको छ। एकातिर आफ्नो आँसुको पीडा र अर्कोतिर आँसु लुकाउँदाको पीडा । यसरी सामाजिक नियमको बोझ बोकेर पुरूषले समाजको दोहोरो हिंसा खोपिरहेको छ । खासमा आँसुमात्र आँसु नभएर हामीभित्रको दुःखाइ, आक्रोश र घृणा जस्ता भावहरूको निकास हो । त्यसैले आँसु आफ्नो संवेदना बाहिर प्रकट गर्ने प्रकृति हो भने यसलाई रोक्नु प्रकृतिविरूद्ध हो ।

यसरी बुझ्दा अझ सहज होला कि जसरी हाम्रो शारीरिक शरीर, मानसिक शरीर र ऊर्जा शरीरका लागि आहार जति अनिवार्य छ, आहारबाट तयार विकार निष्कासन पनि उत्तिकै जरूरी छ । जस्तै भोजन लिएपछि शारीरिक शरीरले पोषक तत्व लिएर बाँकी विकार दिसापिसाब या पसिनामार्फत बाहिर फ्याक्छ । त्यस्तै मानसिक शरीरमा तयार भएको विकार रिस, आक्रोशमार्फत बाहिर आउँछ । अनि ऊर्जा शरीरमा तयार विकार पनि आँसुमार्फत बाहिर आउँछ । जसरी शरीरबाट दिसा रोकिनु घातक छ, त्यसरी नै ऊर्जा शरीरबाट भावनात्मक उद्वेगले पैदा गर्ने आँसु रोकिनु या आँसुलाई उसैको बाटो भएर सहजै बाहिर जान नदिनु पनि त्यतिकै घातक हुन्छ। जसरी दिसा बाहिर निस्किएर जाँदा शरीरलाई एकदमै हल्का महसुस हुन्छ, त्यसरी नै मानसिक वा ऊर्जा शरीरमा तयार विकार पनि निष्कासन हुँदा आनन्द महसुस हुन्छ । रोएपछि मान्छेले हल्का महसुस गर्नुको कारण यही हो ।

त्यसैले स्त्रीहरूले आफूलाई आँसुले पखाल्छन् र सफा अनि प्रेमिल हुने अवसर पाउँछन् । उनीहरू प्रेमिल भएका कारण विनम्र र शान्त हुन्छन् । जसले उनीहरूलाई पुरूषभन्दा लामो समय जिउने बनाएको छ।




माथि उल्लेखित कुरामा आधुनिक विज्ञान पनि सहमत छ । तथ्य भन्छ- इमोसनबाट निस्कने आँसुमा अन्य आँसुमा जस्तो पानीको मात्रामात्र हुँदैन । यसमा धेरै खालका इलेक्ट्रोन एट्स, स्ट्रेस हार्मोन र एन्केफलिनको मात्रा पनि हुन्छ । यसको मतलब ईर्ष्या, घृणा, सन्ताप या पीडा हुँदा (स्ट्रेसमा) निस्कने आँसु आफैंमा दुःखाइ कम गर्ने औषधि (पेनकिलर)सरह हुन्छ । त्यसैले रोएपछि मान्छे हल्का महसुस गर्छन् । किनकि रोएपछि ऊर्जा शरीरमा भएको विकार निस्कन्छ र प्रोलाक्टिन हार्मोन बन्छ । जसले आनन्द प्रदान गर्छ ।

प्रोलाक्टिन हार्मोन रूवाइबाट प्राप्त उपहार हो । जुन उपहार आँसु दबाएका कारण पुरूषले पाएको हुँदैन । किनभने आँसु नझार्ने कारण उनीहरूमा विषाद्, घृणा, ईर्ष्या पखालिएर जाँदैन र त्यो हार्मोन बन्न पाउँदैन। आँसु भनेको त्यस्तो अवस्था हो, जसले अर्को नयाँ विचार, नयाँ उद्वेग, नयाँ जुनुन तयार गर्छ । त्यसैले आनन्द दिने यो हार्मोन पुरूषहरूमा भन्दा स्त्रीमा अधिक पाइएको छ। उसो भए के पुरूष त्यो आनन्दको खोजीमा भित्रभित्रै तड्पिएको छैन होला त? अवश्य छ । बाहिर भन्न नसके पनि मर्दको भारी बिसाएर पुरूष मान्छेमात्र भएर जीवन जिउन चाहन्छ। भारी बिसाएर ऊ प्रेमिका या श्रीमतीको काखमा टाउको बिसाउन चाहन्छ। स्तनमा मुख लगाएर अरू सबै भुल्न चाहन्छ । किनकि मर्दको नकाब ओढ्नुभन्दा पहिला उससँग आमाको काखमा बसेर दूध चुसेको अझ गहिरो र आनन्दमय महसुस छ । जुन पहिलो र गहिरो सुखको महसुस गर्न ऊ हरपल तड्पिरहेको हुन्छ ।

त्यसैले प्रेमिल श्रीमतीको काख पाउँदा पुरूष मान्छेबाट पनि निस्किएर फगत एक बच्चा बनिदिन्छ । रून मनलाग्दा रोइदिन्छ, अनि तत्कालै हाँस्छ। जुन आनन्द संसारको सबैभन्दा ठूलो पदमा रहँदा पनि उसले पाउन सकेको हुँदैन । त्यसैले पुरूष जति ठूलो पदमा पुगे पनि एक प्रेमिल स्त्रीको अगाडि शून्य हुन्छ। यही कारण ऊ आफूलाई काखमा आमा जस्तै लुकाउने स्त्रीको खोजीमा हुन्छ । मतलब पुरूष त्यतिबेला रून्छ या रूनसक्छ जतिबेला ऊ समाजले भिराइदिएको मर्दको सिङ जुरो फुकालेर जान्छ । उसो भए, के नरोएको पुरूषबाट समाजले नोक्सान त खेपिरहेको छैन ? हामी सबैले यसलाई महसुस गरेका छौं कि स्त्री र पुरूषमा स्त्रीहरू अधिक प्रेमिल र पुरूषहरू कम प्रेमिल हुन्छन् । अधिकांश स्त्रीहरू शान्त र पुरूषहरू आक्रामक हुन्छन् । यो भेद पुरूषलाई आँसु झार्न गरिएको बन्देजका कारण भएको हो। आँसु रोक्नु परेका कारण नै आज स्त्रीहरूले भन्दा पुरूषहरूले धेरै पागलपन र आत्महत्या व्यहोरेका छन् । पुरूषहरूभन्दा स्त्रीहरू धेरै पटक मर्ने प्रयास गर्छन् । तर, उनीहरू रूनसक्ने कारण मर्ने प्रयास गर्दागर्दै पनि फर्कन्छन् । तर, पुरूषहरू जति आत्महत्याको प्रयास गर्छन् त्यति नै मर्छन्। त्यसैले स्त्रीभन्दा पुरूषहरूको आत्महत्यादर चार गुणा अधिक छ । यो तथ्य हेर्नुस ।

पुरूष सामाजिक विधिका नाममा प्राकृतिक विधि (आँसु) लाई रोकिरहेको छ र त्यसकै परिणाम आज हामी रोगी (हिंस्रक) समाज भोगिरहेका छौं । आज हामी युद्ध, युद्ध फेरि पनि युद्धको तयारी गरिरहेको जुन समाजमा छौं, त्यो आँसु दबाउनुको परिणाम हो । रूनु भनेको कोमल हुनु हो । कोमलता हरेक युद्धविरूद्धको शक्ति हो । यसले मान्छेलाई जीवन्त, स्वतन्त्र र स्वर्गीय बनाउन साथ दिन्छ । त्यसैले पुरूषलाई परम्पराको बोझबाट मुक्त गरौं, उनीहरूलाई रून दिऔं । जहाँबाट शान्तिको बिज रोपिनेछ । नेपालप्रेसबाट

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. ९४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ प्यान नं. ६०५६१८९२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ प्यान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्बुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँबु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्बुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आक्षेप लगाउनेहरु सक्रिय हुनेछन् भने सहयोग गर्नेहरु कममात्र भेटिनेछन् ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
दिगो काममा जग बसाउने मौका छ । सोखले थालिएको काम व्यवसायमा रूपान्तरित हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आश्वासन दिनेहरूले झुक्याउन सक्छन् । हल्लाको विश्वास गर्दा धोका पाइनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
भेटघाटमा अलमलिनाले आँटेका काममा बाधा हुनेछ । मिहिनेतले नाम र दाम दिलाउनेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
रोकिएको काम बन्नेछ भने नयाँ जिम्मेवारी समेत बढ्नेछ । दिगो काम प्रारम्भ हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
अर्थ अभावले पनि काममा बाधा पुग्नेछ । आजको मिहिनेतले भविष्यमा फाइदा दिलाउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
बलजफ्तीले केही चुनौती पनि निम्त्याउन सक्छ । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन्।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
कामको चापबाट फुर्सद पाइनेछ। व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
सेवामूलक कामबाट प्रतिष्ठा मिल्ने समय छ । नयाँ काम थाल्न भने केही समय लाग्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
अरूका काममा श्रम तथा बुद्धि खर्चनुपर्ला । बाध्यताले अलमल बढाउन सक्छ ।

# एलडिसीबाट स्तरोन्नति हुँदा .........

मरासिनीले बताउनुभयो ।

स्तरोन्नतिको संक्रमणकालीन अवधिपछि डब्ल्युटिओले प्रदान गरेका अन्तर्राष्ट्रिय व्यापार, बौद्धिक सम्पत्तिलगायतका सहुलियत बन्द हुनेछन् । जसका कारण नेपालको निर्यात घट्न सक्ने अनुमान गरिएको छ । नेपालले पाइरहेका यस्ता सुविधा जोगाइराख्न अन्तर्राष्ट्रिय व्यापारका लागि नयाँ क्षेत्र तथा बजार पहिचान गरी व्यापारको विविधीकरण गर्न आवश्यक रहेको मरासिनीले बताउनुभयो । पाइरहेका सुविधाको निरन्तरताका लागि युरोपियन युनियनलगायत निकायसँग नेपालले पहल गर्नुपर्ने पनि उहाँको भनाइ छ।

"स्तरोन्नति भएपछि हामीले व्यापारमा पाइरहेको विशेष सुविधा गुम्छन् । अहिले जत्तिकै सुविधा नपाए पनि केही सुविधा पाइरहनुपर्छ भन्नेमा नेपालले जोड दिइरहेको छ। पाइरहेका सुविधा एकैचोटी हटाउनुभन्दा बिस्तारबिस्तारै हटाउँदै जाने र सँगसँगै क्षमता वृद्धिका काम पनि गर्दै जानुपर्नेमा जोड दिएका छौँ", सचिव मरासिनीले भन्नुभयो ।

नेपालको वैदेशिक व्यापारमा ठूलो हिस्सा जोडिएको भारतसँगको व्यापारमा भने यसको त्यति ठूलो असर देखिने छैन। नेपाल र भारतबीचको व्यापार द्विदेशीय सन्धीअनुसार चलिरहेका कारण न्यून असर देखिनेछ । दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा), बिम्स्टेकलगायत क्षेत्रीयरूपमा व्यापार सम्झौता गरिएका देशमा भने यसको केही असर देखिनेछ ।

भारतले साफ्टा सदस्य राष्ट्रमा अतिकम विकसित र अन्य मुलुकका लागि फरक भन्सार दर कायम गर्ने गरेको छ । नेपालले भारतमा निर्यात गर्ने प्रशोधित सोयाविन र पाम तेल त्यसको उदाहरणका रूपमा लिन सकिन्छ । साफ्टामा रहेका अतिकम विकसित मुलुकका लागि भारतले यी वस्तुमा शून्य भन्सार लगाउँछ । तर साफ्टाभित्रकै अतिकम विकसित बाहेकका मुलुकका लागि सोयाविन तेलमा २५ प्रतिशत र पाम तेलमा ५४ प्रतिशत भन्सार लाग्ने गरेको छ । अहिले नेपालले निर्यात गरिरहेका वस्तुको सूचीका पाम र सोयाविन तेल पहिलो र दोस्रो स्थानमा पर्दछन् । नेपालको आफ्नै उत्पादन नभए पनि कच्चा वस्तु प्रशोधन गरी मूल्य अभिवृद्धि (भ्यालु एड) गरेर निर्यात गरिरहेका यी वस्तु प्रभावित हुने देखिएको छ ।

योजना आयोगको एक अध्ययनअनुसार एलडिसीका रूपमा नेपालले अस्ट्रेलिया, न्यूजील्यान्ड, नर्वे र स्वीजरल्यान्डमा शतप्रतिशत 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेको छ। क्यानडामा दुग्धजन्य र मासुजन्य बाहेक अरू वस्तुले 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेका छन् । हाल क्यानडामा निर्यात भइरहेका ९८ दशमलव ६ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री' सुविधामा गइरहेका छन् । नेपालले अहिले छिमेकी मुलुक चीनमा रसायन (केमिकल्स), सवारी साधन तथा मेसिनरी, विद्युतीय सामग्री तथा कागजजस्ता वस्तुबाहेकमा 'ड्युटी फ्री, कोटा फ्री' को सुविधा पाइरहेको छ । चीनमा निर्यात हुने ९६ दशमलव ६ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री' अन्तर्गत पर्दछन् । त्यस्तै भारतमा ९५ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री'मा गइरहेका छन् । भारतले प्लास्टिक, कफी, चिया, अल्कोहलजन्य वस्तु, सुर्ती र खाद्य वस्तुमाबाहेक 'ड्युटी फ्री, कोटा फ्री' सुविधा दिइरहेको छ। युरोपियन युनियनअन्तर्गतका देशमा हातहतियार बाहेकका सबै वस्तुमा नेपालले 'ड्युटी फ्री, कोटा फ्री' पाइरहेको छ। अमेरिकाले कपडाजन्य वस्तु, जुत्ताचप्पल, दुग्धजन्य र मासुजन्यबाहेकका ८२ प्रतिशत वस्तुमा 'ड्युटी फ्री', 'कोटा फ्री' सुविधा दिन्छ । त्यस्तै, टर्कीले फलामजन्य वस्तु, खाद्यवस्तु, मासु, तेलजन्यबाहेकका ८० प्रतिशत वस्तुमा ड्युटी फ्री, कोटा फ्री सुविधा दिइरहेको छ ।

स्तरोन्नतिपछि नेपालले कृषिजन्य वस्तुको निर्यातमा अनुदान दिन पाउने छैन । गैरकृषिजन्य वस्तुको निर्यातमा दिइने अनुदानमा पनि कटौती हुनेछ। प्रतिव्यक्ति कूल राष्ट्रिय आय (जिएनआई) एक हजार डलरभन्दा कम भएका मुलुकका लागि भने गैरकृषिजन्य वस्तुमा निर्यातमा अनुदान पाउन सक्छन् । तर अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा प्रतिव्यक्ति आयको शर्त पनि रहने भएकाले यो अवस्था स्वतः सकिन्छ। कृषिजन्य वस्तुको नेपालभित्र हुने आन्तरिक व्यापारमा दिइने अनुदानमा भने यस्तो व्यवस्था कायम हुने छैन। स्तरोन्नतिपछि गैरकृषिजन्य स्थानीय वस्तुमा पनि अनुदान दिन पाइनेछैन। नेपालले स्तरोन्नतिकै चरणमा यस्ता अनुदानहरू उपलब्ध गराएको/नगराएको जानकारी गराउनुपर्नेछ । सेवा क्षेत्रमा सरकारबाट पाइरहेको सुविधामा भने फरक पर्ने छैन ।

नेपालले निर्यात गुमाउँदा त्यसको असर रोजगारी सिर्जना र मुलुकको कूल गार्हस्थ्य उत्पादनमा पनि देखिनेछ । नेपाल उद्योग वाणिज्य महासंघको एक तथ्याङ्कअनुसार अहिले कपडा, कार्पेट र पस्मिना क्षेत्रमा दुई लाख ६२ हजार बढी कामदार कार्यरत छन् । निर्यातमा चार प्रतिशतले कमि आउँदा यी तीन क्षेत्रमा मात्र १० हजार पाँच सय श्रमिकले रोजगारी गुमाउने अनुमान गरिएको छ । यस्ता उद्योगमा महिला कामदार बढी छन् । जुन मानव पुँजी विकाससँग जोडिएको विषय हो । यसरी, निर्यात घट्दा त्यसले आर्थिक वृद्धिदरमा पनि केही असर गर्नेछ । सँगसँगै डब्ल्युटिओ र क्षेत्रीय संगठनमा आवद्ध देशसँगको व्यापारलाई थप खुला र उदार बनाउँदै लैजानुपर्ने हुन्छ । जसका कारण नेपाली उत्पादनले अन्य देशका उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ।

### विकास सहायता परिचालनमा असर

नेपालले द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट पाइरहेको विकास सहायतामा पनि स्तरोन्नतिको असर देखिनेछ । एलडिसीका रूपमा पाइरहेका विकास सहायतासम्बन्धी सुविधा कटौती हुनेछन् । नेपालका ठूला विकास साझेदारका रूपमा रहेका एशियाली विकास बैंक (एडिबी) र विश्व बैंकले अहिले एलडिसीका रूपमा दिइरहेका सुविधामा कटौती गर्नेछन्। अर्कोतर्फ विकास साझेदारले सहुलियतपूर्ण नभई व्यावसायिक ऋणमा बढी जोड दिनेछन् । हाल एशियाली विकास बैंकबाट नेपालले सहुलियतपूर्ण ऋण पाउँदै आएको छ। जुन ऋण २४ देखि ३२ वर्षमा परिपक्क (म्याचुअर) हुन्छ र यस्तो ऋणमा नेपालले आठ वर्षको ग्रेस अवधि पाउँछ । यस्तो ऋणमा नेपालले एक प्रतिशतदेखि एक दशमलव ५ प्रतिशतसम्म ब्याज तिर्दै आएको छ। स्तरोन्नतिपछि एडिबीबाट नेपालले अधिकतम २५ वर्षसम्मका लागि ऋण सुविधा पाउनेछ । जसमा ग्रेस अवधि पाँच वर्षको हुनेछ भने त्यस्तो कर्जाको ब्याजदर कम्तीमा दुई प्रतिशत हुनेछ।

साथै विकास साझेदारका रूपमा विश्व बैंकका सुविधा पनि गुम्नेछन् । नेपाल न्यून-मध्यम आय भएको मुलुक भएकाले इन्टरनेसनल डेभलपमेन्ट एशोसियसन (आएडिए)मार्फत सहुलियतपूर्ण ऋण पाउन छोडिसकेको छ । सन् २०२६ सम्म नेपालले विश्व बैंकमार्फत 'ब्लेन्ड क्रेडिट'का रूपमा ३० वर्षको म्याचुरिटी अवधि, पाँच वर्षको ग्रेस अवधि एक दशमलव २५ प्रतिशत ब्याजदरमा पाउँछ । यस्तो ऋणमा शून्य दशमलव ७५ प्रतिशत सेवाशूल्क पनि लाग्नेछ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) र संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)ले आफ्नो स्रोतको निश्चित प्रतिशत अतिकम विकसित मुलुकका लागि उपलब्ध गराउँछन् । स्तरोन्ततिपछि नेपालले ती शीर्षकको सहायता पाउनेछैन। त्यस्तै एलडिसी कोष (लिस्ट डेभलप कन्ट्री फन्ड)बाट पनि वित्तीय सहायता पाउन छाड्नेछ । युनाइटेड नेसन फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज (युएनएफसिसी) अन्तर्गतको वित्तीय सुविधा भने कायम रहनेछ । एलडिसीका रूपमा अन्तर्राष्ट्रिय फोरमहरूमा सहभागी हुँदा पाइरहेका सुविधा र शैक्षिक छात्रवृत्ति पनि नेपालले गुमाउनेछ ।

### बौद्धिक सम्पत्ति र प्रविधि हस्तान्तरण

बौद्धिक सम्पत्तिको अधिकार अर्को प्रभावित हुने क्षेत्र हो । योजना आयोगका अनुसार स्तरोन्नतिपछि नेपालले 'एग्रीमेन्ट अन ट्रेड रिलेटेड एस्पेक्ट्स अफ इन्टेलेक्चुअल प्रोपटी राइट (ट्रिप्स एग्रिमेन्ट) अन्तर्गतका सुविधा पाउने छैन । जसका कारण औषधिजन्य उत्पादनमा नेपालका कम्पनीले प्रयोग गर्दै आएका विदेशी कम्पनीका प्याटेन्ड, डिजाइन, कपिराइट र सेक्रेट फर्मुलालगायत सुविधा कसिलो हुने अथवा ती अधिकार गुमाउनुपर्ने हुन्छ ।

प्रविधि हस्तान्तरणका क्षेत्रमा पनि एलडिसी ग्र्याजुएसनको केही असर देखिनेछ । विकसित देशले आफ्नो क्षेत्रका उद्यम र संस्थामा प्रविधि हस्तान्तरणका लागि निश्चित प्रतिशत लगानी गर्छन् । स्तरोन्नतिपछि उदारीकरणसँग सम्बन्धित प्रतिबद्धता नेपालले पनि पालना गर्नुपर्नेछ । 'स्पेसल एन्ड डिफ्रेन्सियल' (एड एन्ड डी) सुविधा पनि गुमाउनेछ ।

### संरचनागत सुधारसहितको कार्ययोजना आवश्यक

एलडिसीबाट स्तरोन्नतिका लागि स्पष्ट कार्ययोजनासहितको संरचनागत परिवर्तन आवश्यक भए पनि त्यसका केही सीमा र बाधा रहेको योजना आयोगका सचिव भण्डारीले बताउनुभयो। "हाम्रा आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रमसँग तादम्यता हुनेगरी स्मुथ ट्रान्जिसन स्ट्राटेजी अगाडि बढाउनुपर्नेछ । तर यसका केही मौद्रिक र वित्तीय सीमा छन्। राजनीतिक नेतृत्व र विधायकलाई पनि यो विषयमा बुझाउन आवश्यक छ", उहाँले भन्नुभयो । एलडिसीबाट स्तरोन्नतिका लागि नेपालले सन् २०१५ मै प्रक्रिया थालेको थियो । सन् २०१८ मा समीक्षा गर्दा भूकम्पपछिको पुनर्निर्माणको चरणमा भएकाले केही समय थप रोकिएको थियो । सन् २०२१ नोभेम्बर २४ मा संयुक्त राष्ट्रसंघको ७६औँ महासभा (जेनेरल एसेम्ब्ली) ले तीन एशियाली मुलुक नेपाल, बंगलादेश र लाओसलाई पाँच वर्षको तयारी अवधि दिएर अतिकम विकसित देशको सूचीबाट स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो ।

नेपाल सन् १९७१ देखि संयुक्त राष्ट्रसंघको अतिकम विकसित मुलुकको सूचीमा छ । पछिल्लो ५२ वर्ष अवधिमा नेपालले आफ्नो यो हैसियत उकास्न सकेको छैन । अहिले पनि गरिबी, असमानता, शिक्षा, स्वास्थ्य, श्रम बजार र सामाजिक सुरक्षाका क्षेत्रमा जोखिम कायमै छ। अर्थतन्त्रमा माग र आपूर्तिमा दुवै पक्षमा समस्या छ भने बजारको आपूर्ति शृङ्खला कमजोर छ । मानव पुँजी विकाससँग जोडिएका शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार हुन सकेको छैन । शिक्षा क्षेत्रमा लगानीका तुलनामा प्रतिफल निकै न्यून छ । प्राविधिक शिक्षाको कमी छ। शिक्षामा सबै नागरिकको समान पहुँच हुन नसक्नु पेचिलो विषय हो । त्यसैगरी, स्वास्थ्य क्षेत्र पनि उच्च जोखिममा छ । सुरक्षित आहार र पोषणको अवस्था कमजोर छ ।

कृषि क्षेत्रमा व्यवसायीकरण हुन सकेको छैन । भूमिहीनको संख्या बढ्दो छ । सिँचाइ सुविधा छैन । न्यून उत्पादकत्व, भूमिको खण्डीकरण, कृषि उत्पादनको बजारीकरणमा विचौलिया हाबी हुनुजस्ता समस्या छन् । त्यसैगरी औद्योगीकरण घट्दो छ। उद्यमशिलता विकासमा पनि नेपालको अवस्था राम्रो छैन । पूर्वाधारमा समस्या, दक्ष कामदार हुन नसक्नु, निर्यात बजार पहिचानमा समस्या, कमजोर संस्थागत क्षमता, विश्व आपूर्ति मूल्य शृंखला (वर्ल्ड भ्यालु चेन) मा न्यून आबद्धता, चर्को उत्पादन र ढुवानी लागतलगायत समस्या छन्। मानव विकास, प्रतिव्यक्ति आयलगायतका सूचकाङ्कमा मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेश निकै पछाडि छन् । कोभिड-१९ महामारीका कारण सिर्जित जोखिम पनि उत्तिकै छन् । जलवायु परिवर्तनका असर र वातावरणीय जोखिम न्यूनीकरणमा उल्लेख्य प्रगति गर्न सकेको छैन । ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स २०२१ अनुसार नेपाल विश्वका अति प्रभावित दश देशको सूचीमा पर्छ । अतिकम विकसित मुलुकबाट स्तरोन्नतिका लागि मुख्यगरी तीन वटा सूचक पूरा गर्नुपर्ने हुन्छ ।

नेपालले मानव पुँजी सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (इभिआइ) मा संयुक्त राष्ट्रसंघको थ्रेसहोल्ड पास गरिसकेको छ । मानव पुँजी सूचकाङ्कका लागि ६६ भन्दा बढी अङ्क रहनुपर्नेमा नेपालको ७१ दशमलव २ अङ्क छ। त्यस्तै आर्थिक तथा वातावरणीय जोखिम ३२ अङ्कभन्दा कम हुनुपर्नेमा नेपालको २८ दशमलव ४ अङ्क छ । प्रतिव्यक्ति आय एक हजार दुई सय २२ अमेरिकी डलर हुनुपर्नेमा नेपालको एक हजार तीन सय ८१ अमेरिकी डलर छ । रासस


## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य परीक्षण सम्बन्धी सूचना

**चैत ११ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इनडोक्राइनोलोजिष्ठ **डा. तिर्थलाल उपाध्याय** आउँदै हुनु हुन्छ । रोगसँग सन्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस् ।

**रोगका लक्षणहरू :** थकाई लाग्ने, आलस्य हुने, जागर नचल्ने (अल्छी लाग्ने), छिन छिनमा पिसाब लाग्ने, पिसाब फेरेको ठाउमा कमिला लाग्ने, मुख सुख्खा हुने, खाना बढी रूचि हुने, शरिरको वजन छोटो समयमा कम हुने, शरिरको वजन उचाई भन्दा बढी हुने, BMI ३० भन्दा बढी हुने, हात खुट्टा पोल्ने र झमझमाउने,आखा धमिलो हुने र कुनै पनि घाउ निको हुन गार्हो हुने जस्ता समस्याहरू साथै थाईरोइडका लक्षणहरू पनि स्वार बस्ने, घाटीमा केही अड्केको जस्तो लाग्ने, मन आत्तिने, हात खुट्टा गल्ने र झम्झमाउने, खुट्टा सुनिने, शरीर भारी हुने जस्ता लक्षणहरू के तपाईहरूलाई देखिएको त छैना ? यदि देखिएको छ भने तुरून्त सम्पर्क राखी सेवा लिनु होस।

२) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. सवनम आचार्य**द्वारा भिडियो एक्सरे सेवा ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२


# सामुदायिक विद्यालय : भौतिक संरचना बढ्दो, गुणस्तर घट्दो

डम्मर बुढामगर/ढोरपाटन

स्थानीय तह आउनुपूर्व बजारदेखि गाउँसम्मका सामुदायिक विद्यालय जीर्ण थिए । काठ, ढुङ्गा र माटोले बनेका पुराना भवनमा विद्यार्थी भुइँमै बसेर पढ्थे । प्राथमिक तह पढ्नकै लागि घण्टौँको दूरी पार गर्नुपर्थ्यो । घण्टौँ लगाएर पढ्न आउने विद्यार्थीले कक्षाकोठा अपुग हुन्थ्यो । शौचालय, खानेपानी र पुस्तकालय किताबमा पढिन्थ्यो । प्रयोग गर्न पाइँदैनथ्यो । तर अहिले त्यस्ता समस्या केही विद्यालयमा बाहेक धेरैमा छैन । पक्की भवन, खेलमैदान र अन्य पूर्वाधार अधिकांश विद्यालयमा बनेका छन् ।

विद्यालयमा भौतिक संरचना थपिँदै छन् भने गुरणस्तर खस्कँदो छ । पहिलेको जस्तो विद्यार्थीको चाप पनि छैन । गाउँगाउँका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या साह्रै न्यून छ । अभिभावकले सामुदायिक विद्यालयको गुणस्तरमाथि प्रश्न उठाउँदै ऋण धन गरेरै निजी विद्यालयमा छोराछोरी पढाउन थालेका छन् । विद्यार्थी घट्दै गएपछि बागलुङका केही पालिका विद्यालय समायोजन गर्ने तयारीमा छन् ।

जिल्लाको बागलुङ नगरपालिका, गलकोट नगरपालिका, बडिगाड गाउँपालिकालगायतका पालिकाले विद्यालय समायोजन गर्न थालेका हुन्। बडिगाड गाउँपालिकाले यसभन्दा अगाडि चार विद्यालय समायोजन गरेको छ । २० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय गाभेर पठनपाठन सञ्चालन गरेको गाउँपालिकाका शिक्षा शाखा अधिकृत पूर्णबहादुर घर्तीले जानकारी दिनुभयो । यस वर्ष करिब चार विद्यालय समायोजन गर्ने चरणमा रहेको उहाँको भनाइ छ ।

घर्तीले भन्नुभयो, "विद्यार्थी कम भएका विद्यालयलाई नजिकको सँग 'मर्ज' गर्ने भएका छौँ, बजार क्षेत्रका विद्यालयमा विद्यार्थी निकै बढिरहेका छन्, अहिले समस्या भनेको गाउँका विद्यालयमा हो, गाउँबाट सबै मान्छेहरु सेवा सुविधा खोज्दै बजार झर्ने गरेका छन्, त्यसको प्रत्येक्ष असर गाउँका विद्यालयमा परेको छ, यहाँका केही विद्यालयमा भने विद्यार्थी बढी छन् ।"

गलकोट नगरपालिकाले दर्जन बढी विद्यालय समायोजन गर्ने भएको छ । नगरपालिकाले समायोजनका लागि कार्यविधि बनाएको नगर शिक्षा अधिकृत शिव खड्काले जानकारी दिनुभयो । नगरपालिकाले कक्षा १-३ मा १५ जना, कक्षा १-५ मा २५ जना, कक्षा ६-८ मा २१ जना, कक्षा ९-१० मा २५ जना र ११-१२ मा २५ जना विद्यार्थी नभएका विद्यालयलाई समायोजन गरिने खड्काको भनाइ छ।

उहाँका अनुसार विद्यार्थी कम भएका करिब १५ वटा विद्यालय समायोजन गर्ने अवस्थामा रहेका छन्। काठेखोला गाउँपालिकामा दुई विद्यालय समायोजन गर्ने स्थितिमा रहेका छन्। बागलुङ नगरपालिकामा पनि धेरै विद्यालय समायोजन गर्नुपर्ने देखिएको छ । नगरपालिकाले विद्यालय समायोजन सम्बन्धी नीति बनाएर पठनपाठनलाई प्रभावकारी बनाउने जनाएको छ। नगरपालिकाका शिक्षा शाखा अधिकारी धनप्रसाद पोखरेलले बजारमा भन्दा बढी समस्या गाउँका विद्यालयमा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "गाउँमा साना कक्षामा विद्यार्थी छैनन्, बजारमा माथिल्लो तहमा पढ्ने विद्यार्थी छैनन्, ११/१२ पास गऱ्यो भने विद्यार्थी विदेश हिँडी हाल्छन्, यो बागलुङको मात्रै समस्या होइन देशभर यस्तै छ, नगरपालिकाले विद्यार्थीलाई मर्का नपर्ने गरी विद्यालय समायोजन गर्ने छ, थोरै विद्यार्थी भएको विद्यालयमा पठनपाठन गाह्रो नै हुन्छ ।"

सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्कँदै गएपछि विद्यार्थीको आकर्षण निजी विद्यालयतर्फ बढिरहेको छ । निजी विद्यालयमा तल्लो तहदेखिनै विद्यार्थीको चाप देखिन्छ । शिक्षा विकास तथा समन्वय एकाइ बागलुङका प्रमुख कुश्मराज उपाध्यायले शिक्षाको गुणस्तर वृद्धि गर्न नसकेसम्म विद्यार्थी बढाउन नसकिने बताउनुभयो । सामुदायिक विद्यालय अब भौतिक पूर्वाधारमा कमजोर नभएको भन्दै गुणस्तर बढाउनतर्फ लाग्नुपर्नेमा प्रमुख उपाध्यायले जोड दिनुभयो ।

"सामुदायिक विद्यालयमा गुणस्तरीय पढाइ नभएको होइन, राम्रो पढाइ हुन्छ, जहाँका समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक सक्रिय हुन्छन् त्यो विद्यालयमा निजीमा भन्दा राम्रो पढाइ भएको छ, उपलब्धि पनि उस्तै छ", उपाध्यायले भन्नुभयो, "धेरै ठाउँमा सामुदायिक विद्यालयप्रति धेरैले चासो दिँदैनन्, गाउँका विद्यालयलाई राम्रो बनाउने विद्यार्थी टिकाउने हो भने समुदाय पनि जिम्मेवार हुन जरूरी देखिन्छ ।"

उहाँले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीको संख्या घट्नुको मुख्य कारण बसाइँसराइ भएको बताउनुहुन्छ। पछिल्लो समय मानिस विलासिता खोज्दै सहज बजार झर्ने र बालबालिकालाई पनि सँगै लैजाने गर्दा गाउँका विद्यालयमा विद्यार्थीको अभाव हुन थालेको उहाँको भनाइ छ। ग्रामीण क्षेत्र सबै प्रकारका विकासले जोडिए विद्यार्थी बढाउन सकिने उपाध्यायले बताउनुभयो ।

जिल्लामा अहिले पाँच सय १४ सामुदायिक र ५९ निजी गरी पाँच सय ७३ विद्यालय सञ्चालनमा छन्। शिक्षा विकास तथा समन्वय एकाइ बागलुङका अनुसार ६२ हजार तीन सय २१ जना सामुदायिक र ११ हजार तीन सय ७० जना गरी ७४ हजार तीन सय ५७ जना विद्यार्थी अध्ययनरत छन् । जिल्लाभर ७४ हजार तीन सय ५७ विद्यार्थी रहेका छन् । जसमा ३५ हजार नौ सय ८० छात्रा र ३८ हजार तीन सय ७३ जना छात्र अध्ययनरत रहेका छन् ।

जिल्लाभर १४ दशमलव आठ प्रतिशत विद्यार्थी निजी विद्यालयमा अध्ययन गरिरहेका छन् । सामुदायिकतर्फ छात्र ३१ हजार आठ सय ९७ जना र छात्रा ३१ हजार चार सय २० जना छन् भने निजी विद्यालयमा छात्र छ हजार चार सय ७६ र छात्रा चार हजार पाँच सय ६० जना अध्ययन गरिरहेका छन् । रासस

# सुत्केरीलाई पोषण .......

प्रसूति सेवा लिएकालाई उत्प्रेरणा खर्च र यातायात खर्च उपलब्ध गराइएको छ । स्वास्थ्य संस्थामा सुत्केरी गराएबापत प्रोत्साहन उपलब्ध गराउने नीतिबमोजिम उनीहरूलाई उत्प्रेरणा खर्च र यातायात खर्च उपलब्ध गराइएको हो ।

चालु आवमा उक्त स्वास्थ्यचौकीबाट ११ जनाले प्रसूति सेवा लिएका छन् । उनीहरूलाई जनही रू दुई हजारका दरले यातायात खर्च र रू आठ सयका दरले उत्प्रेरणा खर्च उपलब्ध गराइएको चौकीका प्रमुख देविन्द्र कार्कीले जानकारी दिए ।

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**गाउँमै दाँतको उपचार :** तनहुँको बन्दिपुर गाउँपालिका-६ धरमपानीमा सञ्चालन गरिएको निःशुल्क दन्त शिविरमा दातको परीक्षण गरिदै । ढोरबाराही डेन्टल केयर सेन्टर दमौलीको प्राविधिक सहयोगमा गरिएको उक्त शिविरमा स्थानीय करिब १२५ जनाको दन्त परीक्षण गरिएको वडा अध्यक्ष बलबहादुर गुरूङले जानकारी गराए । *तस्विर : भञ्ज्याङ*

# बन्दीपुरमा सिसाको पुल

**भञ्ज्याङ समाचारदाता**/दमौली

गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा सूचीकृत छ बन्दीपुर। गण्डकी प्रदेश सरकारले बन्दीपुरलाई पर्यटकीय गन्तव्यका रूपमा पहिचान गरेको छ । पृथ्वीराजमार्गको डुम्रे बजारदेखि सात किलोमिटर उकालो चढेपछि बन्दीपुर पुगिन्छ । बन्दीपुरमा विदेशी र स्वदेशी पर्यटकको बाक्लै आवतजावत हुन्छ। बन्दीपुर आउने पर्यटकको बसाइ लम्ब्याउन यहाँ विभिन्न पूर्वाधार थप हुनेक्रम जारी छ । बन्दीपुरको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यसहित यहाँ सिसाको पुल निर्माण गरिने भएको छ ।

बन्दीपुरमा केबलकार निर्माण गरिरहेको बन्दीपुर केबलकार एण्ड टुरिज्म लिमिटेडको सहायक कम्पनी बन्दीपुर स्काइवाक एण्ड बञ्जीजम्पले यहाँ सिसाको पुल निर्माण गर्ने लक्ष्य राखेको कम्पनीका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो ।

"बन्दीपुरलाई देश तथा विदेशमा परिचित गराउँदै यहाँ आउने



पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यसहित पूर्वाधार निर्माणमा जुटेका छौँ, सोहीबमोजिम केबलकार परियोजना निर्माणाधीन छ", शर्माले भन्नुभयो, "अब सिसाको पुल निर्माणको काम सुरू गर्ने तयारीमा छौँ ।"

शर्माका अनुसार सिसाको पुल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणको काम थालनी भएको छ । सिसाको पुल निर्माणका लागि करिब रू एक अर्ब बजेट लाग्ने अनुमान छ। "डिपिआर तयार भएपछि बजेटको टुङ्गो लाग्छ", उहाँले भन्नुभयो, "सिसाको पुल बन्दीपुरको मात्र नभई समग्र गण्डकी प्रदेशकै पर्यटन प्रवर्द्धनका लागि कोसेढुङ्गा सावित हुने हाम्रो विश्वास छ ।"

बन्दीपुर गाउँपालिका-४ बरालथोकमा निर्माण भइरहेको केबलकारको होटलसहितको माथिल्लो स्टेशनको नजिकै सिसाको पुल बनाउने योजना छ । "सत्र तले पाँचतारे होटल नजिकको जङ्गलमाथि सिसाको पुल बनाउने लक्ष्य हो, सिसाको पुल समुन्द्र सतहबाट तीन सय मिटरमाथि निर्माण हुनेछ, त्यहाँबाट भिरमाथि हिँडेको अनुभव लिन सकिनेछ", शर्मा भन्नुहुन्छ । बन्दीपुरमा निर्माणाधीन केबलकारको काम भने अन्तिम चरणमा पुगेको छ। आगामी वैशाखदेखि केबलकारको व्यावसायिक सञ्चालनको तयारी भइरहेको छ। विसं २०७५ साउनदेखि निर्माण सुरू भएको केबलकार परियोजना विभिन्न कारणले ढिलाइ भए पनि अब निर्माणको अन्तिम चरणमा पुगेको शर्मा बताउनुहुन्छ।

विसं २०८० को मङ्सिरभित्र पाँच तारे होटल र माघभित्र सम्मेलन केन्द्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ । जेठभित्र भ्युजरूम, असारभित्र वाक्स म्युजियम सम्पन्न गर्ने लक्ष्य छ । बरालथोकमा पाँचतारे होटलको निर्माण कार्य पनि तीव्र गतिमा भइरहेको छ । बन्दीपुर-४ ठुल्दुङ्गाबाट सुरू हुने केबलकार सोही वडाको बरालथोकसम्म पुग्छ। केबलकारबाट एशियाकै ठूलो दाबी गरिएको विमलनगरस्थित सिद्धगुफा पनि अवलोकन गर्न सकिनेछ । ठूल्दुङ्गास्वाँराबाट सुरु हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ । केबलकारले एक किलोमिटर छ सय मिटर यात्रा गर्नेछ ।

आरकेडी रियल स्टेट एण्ड कन्स्ट्रक्सन प्राली, पन्चासे केबुलकार एण्ड टुर्स प्राली, टुरिज्जम इन्भेष्टमेन्ट फण्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केबलकार परियोजना निर्माणको कामलाई अगाडि बढाइएको हो । लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीको कम्पनी हो। यसमा एक हजार एक सयभन्दा बढी लगानीकर्ता रहेका छन् ।


## हार्दिक बधाई !



नेपाली खेलाडीहरूले अथक परिश्रम र कडा मेहनतका साथ
राष्ट्रको एकदिवसीय मान्यता जोगाएर इतिहास रच्दै चन्द्र-सूर्य झण्डालाई
विश्वकप क्रिकेटको छनौट चरणमा पुऱ्याउन सफल भई
राष्ट्रलाई गौरवान्वित तुल्याउन सफल भएकोमा

**नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडीहरू र प्रशिक्षकलाई हाम्रो सलाम् ।**

'आगामि खेलहरूमा पनि सफलताको निरन्तरताको कामना'

**व्यास दिव्य ज्योति बोर्डिङ्ग स्कुल**
व्यास-२, दमौली, तनहूँ परिवार


## facebook twitter



**भिम महर**
twitter.com/mahar05555

जब उमेरको सूर्यास्त ढल्दै जान्छ हात खुट्टा काम्ने गर्छन् । बुढ्यौली अवस्थामा अधिकांश मानिसहरु पेटमा भोको पट्टी बाँधेर भविष्यको लागि बचत गरेर यो रोगको शिकार हुन्छन्, त्यो बचतको उद्देश्य बच्चाहरूको शिक्षा वा छोराछोरीको विवाहको लागि थियो या समाजीक कारण दाइजोको प्रबन्ध...!!!



**नेपाल सुमित्रा**
twitter.com/SuMuSUmI4

सत्यको अर्को नाम वास्तविक रहेछ,
वास्तविकको अर्को नाम जीवन रहेछ ।
जीवनको अर्को नाम संघर्ष रहेछ,
संघर्षको अर्को नाम कर्मफल रहेछ ।
कर्मफलको अर्को नाम भाग्य रहेछ,
भाग्यको अर्को नाम नै जिन्दगी रहेछ ।
अन्तत : जिन्दगी जन्म र मृत्युको चक्र रहेछ ।



**अमृता भण्डारी**
twitter.com/Bhandariamrita_

मान्छेले आफ्नो समस्या मात्रै ठूलो देख्छ आफ्नो गुनासो मात्रै गर्न खोज्छ यार कहिलेकाहीँ त उस्को नि सुन जस्ले तिम्रो सुन्छ उस्लाई पनि त सोध उस्लाइ पनि त केही भन्न मन होला उस्का पनि त सुनिदिने कोहि नहोलान ।



**मोहन प्रसाद मैनाली**
twitter.com/mohanmainali

कुखुराको पोथी कहिल्यै बास्दैन र बिहानै कराउँदै पनि र उसको आयू पनि लामो हुन्छ, किनभने त्यहाँ मान्छेको स्वार्थ छ अण्डाको । तर भालेसँग रिस र स्वार्थ दुबै छ, एक त बिहानै कराएर निद्रा डिस्टर्व गरेको दोस्रो मासुको ! त्यसैले उ छिट्टै मर्छ (मारिन्छ) भलो गर्दा ज्यानै लिने समाज !

# पत्रकार महासंघ तनहुँद्वारा पुरस्कार घोषणा

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाल पत्रकार महासंघ तनहुँ शाखाले विभिन्न पुरस्कारको घोषणा गरेको छ । शाखाको शुक्रबार बसेको बैठकले शाखामा स्थापना भएका विभिन्न पुरस्कारका लागि व्यक्तित्वको घोषणा गरेको हो ।

शाखाको बैठकले सात वटा विभिन्न पुरस्कारका लागि पुरस्कृत पत्रकारको नामावली घोषणा गरेको शाखाका सचिव प्रताप रानाले बताउनुभयो । शाखामा स्थापना गरिएको रणबहादुर चीजाकुमारी सुरज गुरूङ स्मृति पुरस्कार शाखाका निवर्तमान अध्यक्ष ओमकार आचार्यलाई प्रदान गरिने भएको छ । उक्त पुरस्कारको राशि रू पाँच हजार रहेको छ ।



शाखाले टीकानिधि ढुङ्गाना व्यास पराशर पत्रकारिता पुरस्कार नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशकी सोनी शर्मालाई प्रदान गर्ने भएको छ । उक्त पुरस्कारको राशि रू दश हजार रहेको छ । स्व भवानी खनाल पत्रकारिता पुरस्कार शाखाका संस्थापक अध्यक्ष विश्वबन्धु भण्डारीलाई प्रदान गरिने भएको छ । उक्त पुरस्कारको राशि रू १५ हजार रहेको छ ।

चिरणहरि पत्रकारिता पुरस्कार पत्रकार सानेबहादुर नेपालीलाई प्रदान गरिने भएको छ । उक्त पुरस्कारको राशि रू दश हजार रहेको छ । हरिभक्त स्मृति पत्रिकारिता पुरस्कार शाखाका पूर्वअध्यक्ष डम्बरबहादुर अधिकारीलाई प्रदान गरिने भएको छ । उक्त पुरस्कारको राशि रू दश हजार रहेको छ ।

त्यस्तै भोर्लेली केबलबहादुर स्मृति पत्रकारिता पुरस्कार शाखाका पूर्वअध्यक्ष प्रकाशचन्द्र भट्टराईलाई प्रदान गरिने भएको छ । उक्त पुरस्कारको राशि रू दश हजार रहेको छ । पुरूषोत्तम काफ्ले स्मृति पत्रकारिता पुरस्कार पत्रकार पवन पौडेललाई प्रदान गरिने भएको छ । उक्त पुरस्कारको राशि रू दश हजार रहेको छ ।

सबै पुरस्कार शाखाको स्थापना दिवसको अवसरमा चैत १६ गते आयोजना हुने कार्यक्रममा प्रदान गरिनेछ । बैठकले तनहुँबाट निर्वाचित प्रतिनिधिसभासदस्य रामचन्द्र पौडेल नेपालको राष्ट्रपति पदमा निर्वाचित हुनुभएकामा बधाई ज्ञापन गरेको छ ।


**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४